आज मिति २०८३ असार २१ गते भीरकोट नगरपालिकाका नगरप्रमुख श्री गोविन्दकुमार कर्माचार्यज्यूको अध्यक्षतामा देयाहबमोजिमको उपस्थितिमा १४५ औं नगरकार्यपालिका बैठक बसि निम्नानुसार निर्णय गरियो।

**उपस्थिती**

| नामथर | पद | दस्तखत |
|---|---|---|
| श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख | |
| श्री भगवती रेग्मी अर्याल | नगर उपप्रमुख | |
| श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. १ | |
| श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष वडा नं. २ | |
| श्री केशर बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ | |
| श्री कृष्ण बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | |
| श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष वडा नं. ७ | |
| श्री नन्दलाल खनाल | वडा अध्यक्ष वडा नं. ८ | |
| श्री चित्र बहादुर राना भुजेल | कार्यपालिका सदस्य | |
| श्री गंगा बहादुर जि. टी. | कार्यपालिका सदस्य | |
| श्री विष्णु माझी | कार्यपालिका सदस्य | |
| श्री बिन्दु खड्का | कार्यपालिका सदस्य | |
| श्री एकमाया घर्ती थापा | कार्यपालिका सदस्य | |
| श्री पार्वती के.सी. | कार्यपालिका सदस्य | |
| श्री ओम कुमारी कोइराला | कार्यपालिका सदस्य | |
| श्री खैसरा वि.क. | कार्यपालिका सदस्य | |
| श्री लक्ष्मण लम्साल | प्रमुख प्रशासकीय अधिकृत | |

**अन्य उपस्थिति**

| | | |
|---|---|---|
| श्री सिताराम खनाल | प्रशासकीय अधिकृत | |
| श्री याम प्रसाद रेग्मी | योजना अधिकृत | |

## १४५ औं कार्यपालिका बैठक निर्णयहरुः

निर्णय नं. १:

भीरकोट नगरपालिकाको आगामी आ.व. २०८३/८४ का लागि वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने गरी नगरसभाको १८ औं अधिवेशनको दोस्रो बैठक यहि मिति २०८३/०३/२६ गते विहान ११:०० बजे आयोजना गर्ने ।

निर्णय नं. २:

नगरसभाको १८ औं अधिवेशनको पहिलो बैठकमा नगर उपप्रमुखबाट प्रस्ताव गरिएको बजेट तथा कार्यक्रमको विषयमा छलफल भई नगरस्तरीय र वडागत कार्यक्रम पेश भए बमोजिम संशोधन गरी आगामी नगर सभामा पेश गर्ने गरी स्वीकृत गर्ने ।

निर्णय नं. ३:

निरन्तरको वर्षातका कारण नागरिकहरुको आवागमनमा अवरोध र जोखिम भएका देहायका सडकको विपद् व्यवस्थापन शिर्षकबाट खर्च लेख्ने गरी प्राविधिक लागत स्टिमेट बमोजिम रकम विनियोजन मार्फत प्रक्रिया अगाडि बढाउने ।

क) स्वेरेक भञ्ज्याङ सडक (भञ्ज्याङ खण्ड)

ख) पाङछाङ जलविरे सडक खण्ड

निर्णय नं. ४:

भीरकोट नगरपालिकाको निर्णयानुसार सिम्ले बगर क्षेत्रको नदीजन्य पदार्थको बढी उत्खनन भएको परिमाणको सम्बन्धमा श्री सर्मिला निर्माण सेवालाई मिति २०८३/०३/१९ गरेको पत्र बमोजिम जरिवानासहितको कूल राजस्व रु. २७,९१,२६१ दाखिलाको पत्र पठाइएकोमा उक्त फर्मले रु. ८ लाख दाखिला गरी बाँकी रकम यहि मिति २०८३ असार मसान्तसम्म दाखिला गर्ने प्रतिवद्दता सहितको पत्र पेश गरेको हुँदा यहि मिति २०८३ असार मसान्तसम्म बाँकी राजस्व दाखिला गर्ने गरी अवधि थप गर्ने ।

लक्ष्मण लम्साल
... प्रशासकीय अधिकृत

गोविन्द कुमार कार्की/आचार्य
नगर प्रमुख

निर्णय नं. ५:

भीरकोट नगरपालिकाको दोस्रो आवधिक योजना (आ.व. २०८३/८४-२०८७/८८) को निर्माण सम्बन्धमा परामर्शदाता श्री फोरजी इन्जिनियरीङ सोलुसन प्रा.लि. का विज्ञबाट प्रस्तुत प्रारम्भिक प्रतिवेदन उपर छलफल तथा अन्तरक्रिया गरियो । "समृद्ध भीरकोटको आधार, कृषि, पर्यटन र सवल शहरी पूर्वाधार" को दीर्घकालिन सोच सहितको आवधिक योजनाको लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा विस्तृत क्रियाकलापलाई कार्यपालिका सदस्यबाट पेश भएका सुझाव संशोधन गर्दै भीरकोट नगरपालिकाको दोस्रो आवधिक योजना (आ.व. २०८३/८४-२०८७/८८) स्वीकृत गर्ने।

निर्णय नं. ६:

भीरकोट नगरपालिका भित्र वर्षायामका कारण मर्मत संभार भई पेश भएका देहायका कार्यको भुक्तानी प्रकृया अघि बढाउने ।

| क्र.सं. | फर्मको नाम | कार्य गरेको वडा | खर्च रकम | कै. |
|---|---|---|---|---|
| १. | किस्मत कन्सट्रक्सन प्रा.लि. | ८ | २,००,०००/- | |
| २. | श्रेयास विल्डर्स | ५ | १,८४,५५७/- | मेयर सम्बोधन पूर्वाधार |

प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार कर्माचार्य
नगर प्रमुख

भीरकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
व्यरघारी, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

निर्णय नं. ७:

भीरकोट पशु तथा कृषि विकास परियोजनाको स्वीकृत कार्यक्रम अन्तर्गतको थप कार्यको प्रस्तुतिकरण र समिक्षा सम्पन्न भयो । सो अन्तर्गत वडा नं. १ देखि ९ सम्म सम्पन्न देहायका क्रियाकलापको प्राविधिक इस्टिमेट, मूल्याङ्कन, फिल्ड प्रतिवेदन तथा सम्बन्धित काजजातका आधारमा निम्न रकम भुक्तानी कार्य अघी बढाउने ।

<u>देहायः</u>

| वडा नं. | गाई खरिद | खोर निर्माण | भकारो सुधार | कच्ची टनेल | पक्की टनेल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ११ | १४ | १ | ३ | ० | |
| २ | २ | २ | ३ | ० | ० | |
| ३ | ० | १० | ० | ६ | १ | |
| ४ | २ | ९ | २ | २ | | |
| ५ | ६ | ३ | ३ | ४ | | |
| ६ | ० | ४ | १ | ४ | ० | |
| ७ | ० | ४ | १ | ८ | ० | |
| ८ | ० | ११ | ० | १३ | १ | |
| ९ | ० | ९ | ० | १ | ० | |
| जम्मा संख्या | २१ | ६६ | १० | ४१ | २ | |
| नगरपालिकाको हिस्सा | ५२५००० | १९८०००० | १६०००० | ४९२००० | १२०००० | |
| सहभागिको हिस्सा | ५२५००० | १९८०००० | १६०००० | ६१५००० | १२०००० | |
| जम्मा लागत | १०५०००० | ३९६०००० | ३२०००० | ११०७००० | २४०००० | |

निर्णय नं. ८:

"केहि नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३" को ऐन नं. १७ "भू-उपयोग ऐन,२०७६ मा संशोधन" को दफा २(क) थप गरी "उपदफा २ बमोजिम प्राप्त निवेदन मनासिव देखिएमा एक पटकका लागि स्थानीय भू-उपयोग परिषद्ले भूउपयोग परिवर्तन गर्न सक्नेछ" भन्ने प्रावधान भए बमोजिम यस कार्यपालिकाको १४० औ कार्यपालिका बैठकबाट भूउपयोग (जग्गा वर्गिकरण) सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशन भई नगरपालिका कार्यालय र अन्तर्गतका वडा कार्यालयहरुबाट निवेदन संकलनको कार्य भइरहेकोमा सूचनाको म्याद सकिएतापनि हालसम्म पनि निवेदन प्राप्त भईरहेको अवस्था भएकोले दोस्रो पटकका लागि यस कार्यालयबाट ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरी नगरपालिका र अन्तर्गतका वडा कार्यालयहरुबाट भूउपयोग (जग्गा वर्गिकरण) सम्बन्धी निवेदन संकलन गर्ने ।

लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार कर्माचार्य
नगर प्रमुख

निर्णय नं. ९

भीरकोट नगरपालिकाको गत आ.ब.२०८१/८२ को म.ले.प. प्रतिवेदनमा कायम रहेको सैद्धान्तिक र नियमित प्रकृतिको नगरपालिकाको लेखा समितिबाट निर्णय भई आएको तपसिल बमोजिमको बेरुजु माथि छलफल गरी नगरसभामा पेश गर्ने ।

तपसिल

महालेखा परिक्षकको कार्यालयबाट आ.ब.२०८१/८२ मा यस नगरपालिकाको देहाय बमोजिमको बेरुजुहरु औंल्याएकोले म.ले.प. कार्यालयबाट सम्परीक्षण हुनेगरी नियमित गर्नका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

क) म.ले.प. प्रतिवेदनको दफा ३९ मा उल्लेख भएअनुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१/८२ अनुसार जुन बजेट शिर्षकमा बजेट विनियोजन भएको हो त्यही खर्च शिर्षकबाट मात्र खर्च लेख्नुपर्नेमा फरक शिर्षकबाट भुक्तानी भई रु.७,५६,०००। अनियमित भएको भनि बेरुजु औंल्याइएकोमा उक्त खर्चका सम्बन्धमा यस नगरपालिकाले उक्त शिर्षकको रकम आम्दानी बाध्दा स्रोतमा फरक परि विद्ययालयको दिवा खाजाको रकम निकासा उक्त फरक शिर्षकबाट वास्तविक खर्च भएको र यसबाट कुनैपनि सरकारी रकमको दुरुपयोग तथा हानी-नोक्सानी समेत नभएकोले उक्त रकम नियमित गर्नका लागि नगरसभामा पेश गर्ने ।

ख) म.ले.प. प्रतिवेदनको दफा ५० मा उल्लेख भएअनुसार तालिम, कार्यक्रम तथा गोष्ठिमा अनुगमन गरे वापत अनुगमन भत्ता लिन नपाउने व्यवस्था भएकोमा खाद्यान्न वालिको उन्नत विउ उपयोगको विउविजनको अनुगमन वापत रु. ७२ हजार अनियमित भएको भनि बेरुजु औंल्याइएकोमा उक्त भुक्तानीका सम्बन्धमा उक्त कार्यक्रमको अनुगमन प्रतिनिधिले अनुगमनको क्रममा अन्य सुविधा नलिएकाले उक्त भत्ता भुक्तानी भएको र यसबाट कुनैपनि सरकारी रकमको दुरुपयोग तथा हानी-नोक्सानी नभएकोले उक्त रकम नियमित गर्नका लागि नगरसभामा पेश गर्ने ।

लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार कर्माचार्य
नगर प्रमुख

निर्णय नं १०

भीरकोट नगरपालिकाको शुसासन तथा संस्थागत विकास समिति, सामाजिक विकास समिति, आर्थिक विकास समिति,पुर्वाधार विकास समिति, वातावरण तथा विपद व्यवस्थापन समिति र राजश्व परामर्श समितिको प्रतिवेदन उपर वैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

निर्णय नं ११

स्थानीय शासन कार्य सम्पादन प्रणाली LGPAS को आर्थिक वर्ष २०८१/८२ मा यस नगरपालिकाको प्राप्ताङ्कको सम्वन्धमा वैठकमा छलफल भयो । मुल्याङ्कनको क्रममा कमजोर देखिएका क्षेत्रहरुमा दीगो सुधारको लागि तयार गरिएको कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं १२

भीरकोट नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/८३ को अनुगमन प्रतिवेदन वैठकमा छलफल भयो । आगामी दिनमा नगरपालिकावाट सन्चालन हुने आयोजना तथा कार्यक्रमहरु सघन रुपमा अनुगमन गर्ने निर्णय गरियो ।

निर्णय नं १३

आर्थिक वर्ष २०८२/८३ को करका दर र क्षेत्र निर्धारण गर्दा नेपालको संविधान र स्थानीय सरकार संञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी करारोपण गर्ने निर्णय गरियो ।

निर्णय नं १४

भीरकोट नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/८३ मा संञ्चालन भएका सवै आयोजना तथा कार्यक्रमहरु फरफारक गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख